# लोमन्थाङ राजपत्र

**लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : (१०)  लोमन्थाङ, मुस्ताङ, असार ०७ गते, २०८३ साल   (संख्या :१)

# भाग-२

## लोमन्थाङ गाउँपालिकाको

## पार्किङ व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३

**गाउँ कार्यापालिकाबाट मिति २०८३।०३।०७ मा स्वीकृत**

**प्रस्तावनाः** लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र बढ्दो सवारी साधनको चापलाई मध्यनजर गर्दै, यातायात आवागमनलाई व्यवस्थित, सुरक्षित र सुचारु बनाउन, जथाभावी पार्किङलाई निरुत्साहित गर्न, सडक दुर्घटना न्यूनीकरण गर्न र गाउँपालिकाको राजस्व वृद्धिमा टेवा पुर्‍याउने उद्देश्यले; स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र लोमन्थाङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन बमोजिम लोमन्थाङ गाउँपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**लोमन्थाङ गाउँपालिकाको पार्किङ व्यवस्थापन कार्यविधि, २०८३**" रहनेछ। (२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**गाउँपालिका**" भन्नाले लोमन्थाङ गाउँपालिका सम्झनु पर्छ ।

(ख) "**कार्यपालिका**" भन्नाले लोमन्थाङ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "**समिति**" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित पार्किङ स्थल व्यवस्थापन तथा नियमन समिति सम्झनु पर्छ ।

(घ) "**पार्किङ स्थल**" भन्नाले गाउँपालिकाले सवारी साधन पार्किङका लागि तोकेको सार्वजनिक स्थान, सडकको किनारा, वा गाउँपालिकाको अनुमति लिई निजी वा संस्थागत रूपमा सञ्चालन गरिएको पार्किङ क्षेत्र सम्झनु पर्छ ।

(ङ) "**नेचुङ संकलन स्थल**" भन्नाले गाउँपालिकाले विशेष गरी कोरला नाकामा प्रवेश गर्ने सवारी साधनहरूको पार्किङ शुल्क सङ्कलनको लागि तोकेको नेचुङ क्षेत्रमा अवस्थित पार्किङ शुल्क संकलन गर्ने स्थल सम्झनु पर्छ ।

(च) "**सवारी साधन**" भन्नाले दुई पाङ्ग्रे (मोटरसाइकल, स्कुटर) र चार पाङ्ग्रे (कार, जिप, भ्यान, लाइट,बस,ट्रक गाडी) लाइ सवारी साधन सम्झनु पर्छ ।

(छ) "**शुल्क**" भन्नाले यस कार्यविधि बमोजिम सवारी साधन पार्किङ गरे वापत लाग्ने पार्किङ शुल्क सम्झनु पर्छ ।

(ज) "**जरिवाना**" भन्नाले पार्किङ निषेधित क्षेत्रमा पार्किङ गरे वापत वा नियम उल्लङ्घन गरे वापत लाग्ने नगद जरिवाना सम्झनु पर्छ ।

## परिच्छेद — २

## पार्किङ व्यवस्थापन तथा नियमन समिति

**३. पार्किङ स्थल व्यवस्थापन तथा नियमन समितिको गठनः**

(१) गाउँपालिका क्षेत्रभित्रको पार्किङ स्थलको सञ्चालन, व्यवस्थापन र नियमनलाई व्यवस्थित गर्न तपसिल बमोजिमको एक समिति रहनेछः

(क) उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडाका अध्यक्ष - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको एक जना सदस्य - सदस्य

(ङ) राजस्व शाखा प्रमुख - सदस्य

(च) पूर्वाधार शाखाको प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ, ट्राफिक प्रहरी वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्र पार्किङ स्थलहरू पहिचान गरी कार्यपालिकामा सिफारिस गर्ने ।

(ख) गाउँपालिकाको पार्किङ स्थलहरूको सञ्चालन मोडेल (गाउँपालिका आफैले वा ठेक्का मार्फत) तय गर्ने ।

(ग) पार्किङ शुल्कको दररेट र जरिवानाको रकम तोक्न कार्यपालिकामा प्रस्ताव पेस गर्ने ।

(घ) पार्किङ निषेधित क्षेत्र, एकतर्फी पार्किङ क्षेत्र र एकतर्फी सडक (वन वे) तोक्न सिफारिस गर्ने ।

(ङ) निजी वा संस्थागत पार्किङ स्थल सञ्चालनको लागि अनुमति दिने प्रक्रिया र मापदण्ड तय गर्ने ।

(च) पार्किङ व्यवस्थापनको नियमित अनुगमन र सुपरिवेक्षण गर्ने ।

## परिच्छेद — ३

## पार्किङ स्थल र शुल्क सङ्कलन व्यवस्था

**५. पार्किङ स्थलको तोकाइः**

(१) गाउँपालिकाले सरोकारवालाहरूसँगको समन्वयमा सवारी आवागमनमा अवरोध नहुने गरी उपयुक्त स्थानहरूलाई पार्किङ स्थलको रूपमा तोक्न सक्नेछ ।

(२) राजमार्ग, मुख्य सडकहरू र पैदल यात्रीहरूको बढी चाप हुने फुटपाथहरूमा पार्किङ निषेध गरिनेछ।

**६. नेचुङ पार्किङ शुल्क सङ्कलनः**

(१) यस कार्यविधि बमोजिम **पार्किङ शुल्क सङ्कलन गर्ने मुख्य स्थान नेचुङ हुनेछ** ।

(२) कोरला नाकामा प्रवेश गर्ने सवारी साधनहरूले गाउँपालिकाले तोके बमोजिमको पार्किङ शुल्क बुझाउनु पर्नेछ ।

(३) नेचुङ पार्किङ स्थलको व्यवस्थापन र शुल्क सङ्कलनको लागि आवश्यक पूर्वाधार (जस्तैः बैरियर, शुल्क काउन्टर, सूचना पाटी) गाउँपालिकाले तयार गर्नेछ ।

(४) नेचुङ बाहेक गाउँपालिकाले तोकेका अन्य स्थानहरूमा पनि सशुल्क वा निःशुल्क पार्किङको व्यवस्था गर्न सकिनेछ ।

**७. कर्मचारी व्यवस्थापन र खटाउने अधिकारः**

(१) पार्किङ स्थलहरूको समग्र व्यवस्थापन, पार्किङ शुल्क सङ्कलन र जरिवाना असुलीको लागि आवश्यक कर्मचारीको व्यवस्थापन लोमन्थाङ गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले पार्किङ व्यवस्थापनका लागि कर्मचारी खटाउनसक्ने छ, नेचुङ संकलन स्थल लगायत अन्य तोकिएका स्थानहरूमा पार्किङ व्यवस्थापन र शुल्क सङ्कलनको लागि कर्मचारी खटाउन सक्नेछ ।

(३) कर्मचारीहरूले पार्किङ शुल्क सङ्कलन गर्दा गाउँपालिकाले तोकेको रसिद वा विद्युतीय प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

(४) संकलित शुल्क र जरिवानाको दैनिक हिसाव किताब दुरुस्त राखी गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**८. पार्किङ शुल्कको दररेटः**

(१) सवारी साधनहरूको पार्किङ शुल्क लोमन्थाङ गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(२) शुल्कको दररेट सवारी साधनको प्रकार (दुई पाङ्ग्रे/चार पाङ्ग्रे) र पार्किङ अवधिको आधारमा फरक-फरक हुन सक्नेछ। (३) एम्बुलेन्स, दमकल, शववाहन र अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सवारी साधनहरूलाई पार्किङ शुल्क लाग्ने छैन । लोमन्थाङ गाउँपालिकाको स्थायी बासिन्दालाइ पार्किङ शुल्क लाग्ने छैन ।

## परिच्छेद — ४

## निजी वा संस्थागत पार्किङ स्थल सञ्चालन

**९. निजी वा संस्थागत पार्किङ स्थलको अनुमतिः**

(१) कुनै व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा व्यावसायिक रूपमा पार्किङ स्थल सञ्चालन गर्न चाहेमा गाउँपालिकामा निवेदन दिई अनुमति लिनु पर्नेछ ।

(२) यस्तो अनुमति लिनको लागि तपसिल बमोजिमका शर्तहरू पूरा गर्नु पर्नेछः

(क) जग्गाको स्वामित्व वा भाडा सम्झौता स्पष्ट हुनु पर्ने ।

(ख) पार्किङ स्थलको नक्सा र क्षमताको विवरण बुझाउनु पर्ने ।

(ग) पार्किङ स्थलमा ढल निकास, बाटो, बिजुली बत्तीको व्यवस्था हुनु पर्ने ।

(घ) पार्किङ शुल्कको दररेट सार्वजनिक रूपमा देखिने गरी राख्नु पर्ने ।

(ङ) सुरक्षाको लागि सीसीटीभी र जनशक्तिको व्यवस्था हुनु पर्ने ।

(च) गाउँपालिकामा व्यवसाय दर्ता गरी नियमानुसार कर तिर्नु पर्ने ।

**१०. निःशुल्क पार्किङको व्यवस्थाः** (१) अस्पताल, शैक्षिक संस्थाहरू, वित्तीय संस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, सरकारी तथा गैरसरकारी संस्थाहरूले आफ्ना सेवाग्राहीहरूका लागि अनिवार्य रूपमा निःशुल्क पार्किङको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद — ५

## जरिवाना र कारबाही

**११. पार्किङ निषेधित क्षेत्र र जरिवानाः**

(१) गाउँपालिकाले "पार्किङ निषेध" भनी तोकेको स्थानमा पार्किङ गरेमा प्रचलित कानुन बमोजिमको जरिवाना लाग्नेछ । (२) जरिवानाको रकम गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(३) जरिवाना संकलन गर्ने कार्य गाउँपालिकाबाट खटिएका कर्मचारी वा गाउँपालिका प्रहरीले गर्नेछन्।

## परिच्छेद — ६
## विविध

१२. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा व्यवधान उत्पन्न भएमा सोको अन्तिम निर्णय गर्ने अधिकार लोमन्थाङ गाउँपालिकामा निहित रहनेछ ।

१३. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेखित विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयवस्तुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
न्युटन लम्साल
प्रमुख प्रशासकीय अधिकृत

लोमन्थाङ गाउँपालिका